# भद्रपुर नगरपालिका

# **स्थानीय राजपत्र**

## प्रदेश नं. १ झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ३ भद्रपुर, माघ २० गते, २०७६ साल, संख्या ८

## भाग २

## भद्रपुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको

## बालक्लब तथा बाल संजाल संचालन निर्देशिका २०७६

*स्वीकृत मिति: २०७६/०९/२४*
*प्रमाणीकरण मिति : २०७६/१०/२०*

## प्रस्तावना :

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई भद्रपुर नगरमा सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले भद्रपुर नगरपालिकाबाट यो निर्देशिका बनाई लागु गरिएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "भद्रपुर नगरपालिकाको बालक्लव तथा बाल सञ्जाल संचालन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "क्लव" भन्नाले यस निर्देशिकाको दफा ३ बमोजिम गठन भई वडा कार्यालयमा सूचीकृत भएको बाल क्लवलाई जनाउँछ ।

(ख) "बाल सञ्जाल" भन्नाले दफा ६ बमोजिम गठन भई नगर कार्यपालिका कार्यालयमा सूचीकृत भएको बालसञ्जाललाई जनाउँछ ।

(ग) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिका सम्झनुपर्छ ।

(घ) "नगर प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) "नगर उप प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको उप प्रमुख सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(छ) "तोकिएको" भन्नाले भद्रपुर नगरपालिकाको कार्यपालिका वा नगर सभाबाट तोकिएको सम्झनुपर्छ ।

## परिच्छेद २ : बाल क्लब सम्बन्धी

**३. बालक्लवको गठन :**

(१) नगरपालिका क्षेत्रका विद्यालय तथा टोल/समुदायस्तरमा बालक्लव गठन गरिनेछ ।

(२)सम्बन्धित विद्यालय वा टोल/समुदायस्तरमा बालबालिकाको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषध्यक्ष १/१ जना तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरि बालक्लवको कार्य समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) सम्बन्धित विद्यालयमा अध्ययन गरिरहेको वा सम्बन्धित टोल समुदायमा बसोवास गरेको ।

ख) उमेर १८ वर्ष ननाघेको ।

ग) कक्षा ५ वा सो भन्दा माथिको कक्षामा अध्ययन गरिरहेको ।

(४) उपदफा (३) बमोजिम गठन भएको बालक्लवको कार्यसमितिले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा समितिको कार्यालयमा सूचीकृत/ आवद्धताको लागि निवेदन दिनुपर्नेछ ।

(५) वडा समितिको कार्यालयले आफ्नो वडा भित्र गठन भएका बाल क्लवहरुबाट उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा अनुसूची २ बमोजिमको सुचिकृत आबद्धता दर्ता गरी अनुसूची ३ बकोजिम को प्रमाण - पत्र दिनुपर्नेछ ।

(६)बालक्लवले एक जना संरक्षक र बढीमा ५ जना सम्म रहेको सल्लाहाकार समितिको गठन गर्नेछ ।

**४. बालक्लवको काम कर्तव्य र अधिकार :**
(क) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।
(ख) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।
(ग) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।
(घ) बालबालिकाहरु माथि हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि ।
(ङ) बाल अधिकार सम्वन्धि बिबिध कार्यक्रमहरु संचालन गर्नु ।
(च) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु ।
(छ) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।
(ज) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।
(झ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।
(ञ) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्याङ्क संकलन गर्नु ।
(ट) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।
(ठ) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।
(ड) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सो को निराकरणको लागि चेतना जगाउनु ।
(ढ) नगरपालिका तथा वडा समितिको कार्यालयबाट आमन्त्रण गरिएको वखत उपस्थित भै दिइएको जिम्मेवारी वहन गर्ने ।
(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।
(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।
(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।
(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।
(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**५. बाल क्लवको बैठक सम्बन्धी व्यवस्था :**
(१) बालक्लवको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।
(२) कुल पदाधिकारी संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।
(३) बैठक महिनामा १ पटक अनिवार्य वस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।
(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।
(५) बैठक सम्बन्धी अन्य व्यवस्था बाल क्लव आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद ३ : बाल सञ्जाल सम्बन्धी

**६. वडा बाल सञ्जाल सम्बन्धि व्यवस्था :**

(१) वडाभित्र क्रियाशील रहेका विद्यालय र समुदायस्तरका बालक्लवका प्रतिनिधि रहेको छुट्टै वडास्तरीय बाल सञ्जाल गठन गरिनेछ ।

(२) वडास्तरीय बाल सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र ६ देखि १० जनासम्म सदस्य रहनेछन ।

(३) वडास्तरीय बालसञ्जालको संरक्षक वडा अध्यक्ष हुनेछ ।

(४) आमन्त्रित गरिएको वखत बाल सञ्जालको बैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिहरुो कर्तव्य हुनेछ ।

(५) वडा बाल सञ्जालको कामकारवाही संचालन तथा बैठक व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने फर्निचर, मसलन्द लगायतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाईदिनु पर्नेछ ।

(६) वडा बालसञ्जालको बैठक सम्बन्धी व्यवस्था यस कार्यविधिको दफा (५)मा उल्लेखित बालक्लवको बैठक सम्बन्धी व्यवस्था बमोजिम नै हुनेछ ।

(७) वडास्तरीय बाल सञ्जालको काम, कर्तव्य र अधिकार यस कार्यविधिका दफा ४ मा उल्लेखित बालक्लवको काम कर्तव्य र अधिकार बमोजिम नै हुनेछ । यस बाहेक बालसञ्जालले देहायका थप कार्यहरु समेत सम्पादन गर्नुपर्नेछ ।

क) वडा भित्र रहेका बालक्लवहरु वीच सम्पर्क समन्वय र अनुगमन गर्ने ।

ख) सम्पर्क र अनुगमनका क्रममा देखिएका मस्याहरु बैठकमा छलफल गरी वडाका जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने ।

ग) वडास्तरमा संचालन हुने बालबालिका सम्बन्धि र अन्य कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी हुने ।

घ) नगरस्तरीय बाल सञ्जाल सँग निकट सम्पर्कमा रहने र नगर बालसञ्जालको निर्देशन बमोजिमका कार्यहरु सम्पादन गर्ने ।

ङ) विद्यालय र समुदायस्तरमा बालक्लवहरुको गठन र संचालन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।

च) वडा बाल सञ्जालको नगरपालिकामा सूचीकृत/ आबद्धता दर्ताको लागि आवश्यक कागजात सहित निवेदन दिई प्रमाण पत्र लिने ।

**७. नगर बाल सञ्जालको गठन :**

१) वडा बालसञ्जालका प्रतिनिधि समेत संलग्न हुने गरी एक नगर बाल सञ्जाल गठन गरिनेछ ।

२) नगर बाल संजालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र १० जना सदस्य रहनेछन ।

३) नगर बाल सञ्जालको गठन समावेशी आधारमा गरिनेछ ।

४) नगर बालसञ्जालको संरक्षकत्व नगर प्रमुखमा निहीत रहने छ । बाल सञ्जालले बढीमा ७ जना रहने गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

५) नगरपालिकाका प्रमुख, उपप्रमुख वा कार्यपालिका सदस्यलाई नगर बाल सञ्जालले बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६) नगर बाल सञ्जालको कार्यालय संचालन तथा बैठक व्यवस्थापन सम्बन्धी कार्यको लागि आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामान र यातायात खर्चको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

## परिच्छेद ४ : विविध

**८. बाल क्लब र बाल सञ्जालको कार्यकाल**

(१) विद्यालय वा समुदाय स्तरमा गठन भएका बालक्लब र वडा तथा नगरस्तरमा गठन भएका वाल सञ्जालको कार्यकाल गठन भएका मितिले दुई वर्षको हुनेछ।

(२) कार्यकाल समाप्त भएको १५ दिन भित्र वालवालिकाको भेलाले बालक्लब गठन गरी यस कार्यविधिको दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी वडा कार्यालयमा सूचिकृत/आवद्धताको लागि निवेदन दिनुपर्नेछ।

**९. भङ्ग गर्न सकिने**

(१) विद्यालय वा समुदाय स्तरमा गठन भएका बालक्लब र वडा वालसञ्जाल लगातार तीन महिना बैठक बस्न नसकेमा आफ्नो काम कर्तव्य प्रति उदासीन र निष्कृय रहेमा वा अनुशासनहीन कार्य बारम्बार गरेमा वडा समितिले भङ्ग गर्न सक्नेछ।

**१०. विधान बनाउन सकिने**

(१) यस कार्यविधि बमोजिम गठन हुने बाल क्लबले आफ्नो काम कारवाही व्यवस्थित र नियमित गर्न विधान बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विधान बनाएको अवस्थामा त्यस्तो विधान सम्बन्धित वडा कार्यालयमा पेश गर्रा स्वीकृत गराउनु पर्नेछ।

**११. साधारण सभा सम्बन्धी व्यवस्था**

(१) कार्यविधिको दफा ३ बमोजिम गठन भएका वालक्लबले वर्षको एक पटक विद्यालय वा समुदायका बालबालिकाको भेला वोलाई साधारण सभा गर्नुपर्नेछ।

(२) वाल क्लबलको अध्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछ।

(३) वाल क्लबको आम्दानी र खर्चको हिसाब किताब साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

(४) साधारणसभाको निर्णय पुस्तिका बालक्लबले सुरक्षित राख्नु पर्नेछ।

**१२. यसै कार्यविधि बमोजिम गठन भएको मानिने**

(१) हाल क्रियाशिल रहेका वडा वा समुदाय स्तरका बालक्लब, वडा स्तरीय वाल सञ्जाल र नगर स्तरीय वाल सञ्जाल यसै कार्य विधि बमोजिम गठन भएको मानिनेछ।

**१३. सम्पर्क समन्वय गर्ने निकाय**

(१) वाल क्लब, बाल सञ्जाल सम्बन्धी कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्ने कार्य सम्बन्धी वडा कार्यालय र नगरपालिका तहमा सामाजिक विकास शाखाबाट गरिनेछ।

# अनुसुची -१

## निवेदन पत्र

मितिः

श्री वडा अध्यक्ष ज्यू,
वडा नं.......................
भद्रपुर नगरपालिका ।

**विषय : बाल क्लव सूचिकृत/आबद्धता गरी पाऊँ ।**

**महोदय,**

हामीले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० को उपदफा (१) बमोजिम .................................................................नामको बालक्लव गठन गरेकाले भद्रपुर नगरपालिकाको नियम बमोजिम बाल क्लव सुचिकृत/आबद्धता गर्नको लागि देहायको विवरण खुलाई निवेदन गर्दछौं ।

**बालक्लवको विवरण**

बालक्लवको नाम :
ठेगाना :
बालक्लवमा सदस्य संख्या जम्मा : बालक : बालिका :
गठन मिति :
संरक्षकको नाम :
अध्यक्षको नाम :
सम्पर्क नं.:

**संलग्न कागजातहरु :**

१) बालक्लवको विधान १ प्रति
२) बाल भेलाले बालक्लव गठन गर्ने निर्णय गरेको प्रतिलिपी
३) विद्यालयको हकमा विद्यालयको सिफारिस र समुदायको भए टोल विकास संस्थाको सिफारिस
४) बालक्लवको कार्यसमितिमा रहेका बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

**भवदीय :**
नाम :
पद :
सम्पर्क नं. :

अनुसुची -२

**भद्रपुर नगरपालिका**

. नं. वडा कार्यालय

भद्रपुर, झापा

प्रदेश नं.१

## बालक्लव सुचिकृत/आवद्धता गर्ने दर्ता किताब

| क्र. सं. | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सुचिकृत नं. र मिति | अध्यक्षको नाम र सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुची -३

**“पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धि सहितको भद्रपुर नगर”**

# भद्रपुर नगरपालिका

**.....नं.वडा समितिको कार्यालय**
**झापा जिल्ला**
**प्रदेश नं. १**
**नेपाल ।**

## बालक्लव आवद्धता प्रमाण-पत्र

आवद्धता नं.........

मिति :

श्री...................................... ........................ .............. बालक्लव

झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं............को ..................................................विद्यालय/समुदायमा गठन भएको ...............................................................बालक्लवलाई यस वडामा सुचीकृत गरी आवद्धताको प्रमाण - पत्र प्रदान गरिएको छ ।
बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तरराष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्वन्धी सबै कानुनहरुको अधिनमा रही बालअधिकार संरक्षण तथा नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय भूमिकाको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
दस्तखत :
नाम :

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रसाशकिय अधिकृत